# संविधान सभा सदस्य निर्वाचन नियमावली, २०७०

**नेपाल राजपत्रमा प्रकाशित मिति**

**२०७०।३।१६**

संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "संविधान सभा सदस्य निर्वाचन नियमावली, २०७०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यादेश" भन्नाले संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७०" सम्झनु पर्छ।

(ख) "निर्वाचन कार्यक्रम" भन्नाले नियम ४ बमोजिम आयोगले निर्धारण गरेको निर्वाचन सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(ग) "निर्वाचन चिन्ह" भन्नाले अध्यादेशको दफा ३१ बमोजिम आयोगले निर्धारण गरेको निर्वाचन चिन्ह सम्झनु पर्छ।

(घ) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि आयोगले अध्यादेशको दफा ३४ बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ।

परिच्छेद-२

## निर्वाचन र निर्वाचन कार्यक्रमको सूचना

३. **निर्वाचनको सूचनाः** (१) नेपाल सरकारले संविधान सभाका सदस्यको निर्वाचनको मिति तोकेपछि आयोगले सो मितिमा मतदान गर्ने समय निर्धारण गरी सर्वसाधारणको

नेपाल कानून आयोग

जानकारीको लागि सूचना जारी गर्नेछ र त्यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्वाचनको सूचना आयोगले आवश्यकता अनुसार सञ्चार माध्यमहरूबाट समेत प्रकाशन तथा प्रसारण गर्न गराउन सक्नेछ ।

४. **निर्वाचन कार्यक्रम निर्धारणः** (१) नियम ३ बमोजिम निर्वाचनको सूचना प्रकाशित भएपछि आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको निमित्त उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने, उम्मेदवारीको दावी विरोधमा उजुरी दिने, मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र मतदान गर्ने मिति, समय र स्थान समेत उल्लेख भएको निर्वाचन कार्यक्रम निर्धारण गर्नुपर्नेछ ।

(२) आयोगले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि उम्मेदवारको बन्दसूची पेश गर्ने, उम्मेदवारको बन्दसूची जाँचबुझ गरी सच्याउनुपर्ने भए सच्याउन समय दिने, सच्याउनु नपर्ने भए सोही बमोजिम र सच्याउनुपर्ने भए सच्याई पेश भएको उम्मेदवारको बन्दसूची प्रकाशन गर्ने, उम्मेदवारको बन्दसूची उपर दावी विरोध गर्ने, उम्मेदवारको बन्दसूची उपर छानबिन गर्ने, उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम फिर्ता लिने र उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने समेतको निर्वाचन कार्यक्रमको निर्धारण गर्नेछ ।

(३) आयोगले निर्वाचन कार्यक्रमको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ र त्यस्तो सूचना सञ्चार माध्यमहरूबाट प्रकाशन तथा प्रसारण गर्न गराउन सक्नेछ ।

५. **निर्वाचन कार्यक्रमको सूचना टाँस गर्नुपर्ने:** (१) निर्वाचन अधिकृतले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीसँग सम्बन्धित निर्वाचन कार्यक्रमको सूचना अनुसूची-१ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा टाँस गर्नुपर्नेछ ।

(२) आयोगले समानुपातिक निर्वाचन प्रणालीसँग सम्बन्धित निर्वाचन कार्यक्रमको सूचना अनुसूची-२ बमोजिमको ढाँचामा आयोगको कार्यालयमा टाँस गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम निर्वाचन कार्यक्रमको सूचना टाँस गर्दा मुचुल्का गराउनु पर्नेछ ।



नेपाल कानून आयोग

(४) उपनियम (१) र (२) बमोजिमको निर्वाचन कार्यक्रमको सूचना क्रमशः निर्वाचन अधिकृत र आयोगले सम्भव भएसम्म सञ्चार माध्यमद्वारा प्रकाशन तथा प्रसारण गर्नु गराउनु पर्नेछ ।

(५) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम निर्वाचन कार्यक्रम टाँस गरेको जानकारी उपलब्ध भएसम्म जिल्ला स्थित राजनीतिक दलका कार्यालयलाई दिनुपर्नेछ ।

परिच्छेद-३

## उम्मेदवारको मनोनयन

६. **पहिलो हुने निर्वाचित हुने निर्वाचनको लागि मनोनयनपत्र दर्ता गराउन सक्नेः** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवार हुन चाहने संविधान र अध्यादेश बमोजिम योग्यता पुगेको व्यक्तिले आफैले वा निजको प्रतिनिधि मार्फत निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा मनोनयनपत्र दर्ता गर्न वा गराउन सक्नेछ । यसरी मनोनयनपत्र दर्ता गर्दा गराउँदा एक व्यक्तिले बढीमा दुई निर्वाचन क्षेत्रका लागि उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न गराउन सक्नेछ ।

(२) कुनै राजनीतिक दलका तर्फबाट उम्मेदवार हुने व्यक्तिको हकमा उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता गर्दा सो दलबाट प्रदान गरिएको अनुसूची-४ बमोजिमको ढाँचाको औपचारिक पत्र समेत दाखिला गर्नु पर्नेछ र त्यस्तो औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको सो दलको पदाधिकारीले त्यस्तो औपचारिक पत्रको एक प्रति निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता गर्दा गराउँदा एक जनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सहिछाप गरेको हुनुपर्नेछ । त्यस्तो प्रस्तावक र समर्थक सोही निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाता भएको व्यहोरा खुल्ने प्रमाण समेत मनोनयनपत्र साथ संलग्न गरेको हुनु पर्नेछ ।

(४) कुनै व्यक्तिलाई एउटै निर्वाचन क्षेत्रको निर्वाचनको लागि भिन्नाभिन्नै प्रस्तावक र समर्थक रहेका बढीमा तीन वटा मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ ।

(५) उम्मेदवार हुन मनोनयन भएको व्यक्तिले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी सहिछाप समेत गर्नुपर्नेछ ।

नेपाल कानून आयोग

(६) यस नियम बमोजिम मनोनयनपत्र दर्ता गर्न तीन हजार रुपैयाँ धरौटी राखेको बैंक भौचर वा नगदी रसिद समेत पेश गर्नुपर्नेछ ।

तर उपनियम (४) बमोजिम एक निर्वाचन क्षेत्रमा एक भन्दा बढी मनोनयनपत्र दर्ता गराउन चाहने व्यक्तिले तीन हजार रुपैयाँ भन्दा बढी धरौटी राख्नुपर्ने छैन ।

(७) मतदाता नामावलीमा आफ्नो नाम रहेको निर्वाचन क्षेत्र बाहेक अर्को निर्वाचन क्षेत्रमा उम्मेदवार हुन उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता गर्न चाहने व्यक्तिले मतदाता नामावलीमा आफ्नो नाम रहेको व्यहोरा आयोग वा सम्बन्धित जिल्ला निर्वाचन अधिकारीबाट प्रमाणित गराई मतदाता नामावलीको उतार समेत मनोनयनपत्रको साथमा पेश गर्नुपर्नेछ ।

(८) उपनियम (१) बमोजिम पेश भएको मनोनयनपत्र जाँच गर्दा रीतपूर्वकको देखिएमा निर्वाचन अधिकृतले त्यस्तो मनोनयनपत्र दर्ता गरी सो दर्ता गर्न ल्याउने व्यक्तिलाई सोको निस्सा दिनुपर्नेछ ।

(९) उपनियम (८) बमोजिम जाँच गर्दा मनोनयनपत्रमा प्रस्तावक वा समर्थक नभएको वा दोहोरिएको वा धरौटी राखेको निस्सा नभएको वा प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहिछाप नभएको वा अन्य रीत नपुगेको देखिएमा निर्वाचन अधिकृतले रीत नपुगेको जति सच्याउन लगाई सो मनोनयनपत्र दर्ता गर्नुपर्नेछ । यसरी रीत नपुगेको कुरा सच्याउनुपर्ने व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई दर्ता गरी सोको निस्सा दिनुपर्नेछ ।

७. **दस्तखतको नमूना उपलब्ध गराउनु पर्नेः** (१) निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दलको तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि उम्मेदवार हुने व्यक्तिलाई मनोनयनपत्र दर्ता गर्ने औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना सो राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समितिले तोकेको पदाधिकारीले प्रमाणित गरी उम्मेदवारको लागि मनोनयनपत्र दर्ता गर्ने अन्तिम मिति भन्दा कम्तिमा सात दिन अगावै आयोगलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम औपचारिक पत्र प्रदान गर्ने पदाधिकारीको दस्तखत भिडाउन त्यस्तो दस्तखतको नमूनाको छायाँप्रति आयोगले निर्वाचन अधिकृतलाई उपलब्ध गराउनेछ ।



नेपाल कानून आयोग

८. **समानुपातिक निर्वाचनको लागि मनोनयनपत्र कायम हुने**: (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनका लागि राजनीतिक दलले आयोगमा पेश गरेको उम्मेदवारको बन्दसूचीलाई नै उम्मेदवारको मनोनयनपत्र कायम गरिनेछ ।

(२) राजनीतिक दलले समानुपातिक निर्वाचनको उम्मेदवारको लागि मनोनयन गर्ने प्रयोजनले आयोगमा उम्मेदवारीको बन्दसूची पेश गर्दा त्यस्तो बन्दसूचीमा समावेश प्रत्येक उम्मेदवारको कुन ठाउँको मतदाता नामावलीमा नाम समावेश भएको छ सो र निजको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवं ठेगाना समेत पेश गर्नुपर्नेछ ।

९. **उम्मेदवारको बन्दसूचीसँग सम्बन्धित कार्यविधि**: (१) नियम ४ बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन भएपछि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले अध्यादेशको दफा ७ बमोजिम तयार गरेको उम्मेदवारको बन्दसूची निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोग समक्ष पेश गरिने उम्मेदवारको बन्दसूचीमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कूल सदस्य संख्याको कम्तिमा दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी तयार नगरिएको उम्मेदवारको बन्दसूची आयोगले दर्ता गर्ने छैन ।

(३) राजनीतिक दलबाट आयोग समक्ष पेश भएको उम्मेदवारको बन्दसूची अध्यादेशको दफा ७ को उपदफा (३) मा उल्लेख भए बमोजिम समानुपातिक र समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व भए नभएको आयोगले यकिन गरी नभएको भए समानुपातिक र समावेशी प्रतिनिधित्व हुने गरी उम्मेदवारको बन्दसूची सच्याउनको लागि सम्बन्धित राजनीतिक दललाई सात दिनको समय दिई सूचित गर्नुपर्नेछ । यसरी सूचित गरेको व्यहोरा आयोगले सर्वसाधारणको जानकारीको लागि प्रकाशनमा ल्याउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्याद भित्र सम्बन्धित राजनीतिक दलले उम्मेदवारको बन्दसूची सच्याई आयोग समक्ष पठाएमा त्यस्तो बन्दसूचीलाई आयोगले अन्तिम सूचीको रुपमा कायम गर्नेछ । आयोगले त्यस्तो सूची सर्वसाधारणको जानकारीको लागि प्रकाशनमा ल्याउनेछ ।





नेपाल कानून आयोग

(५) उम्मेदवारको बन्दसूची छानबीन गर्ने अन्य प्रकृया तथा कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने:** पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका सम्बन्धमा मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले नियम ६ बमोजिम दर्ता भएको मनोनयनपत्रमा उल्लिखित उम्मेदवारहरूको नामावलीको सूची अनुसूची-५ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्नेछ र सो को एक प्रति आयोगमा पठाउनुपर्नेछ ।

११. **उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने:** नियम १० बमोजिम प्रकाशित उम्मेदवारको नामावलीको सूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यताको सम्बन्धमा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले उजुरी दिन चाहेमा निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृत समक्ष अनुसूची-६ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ ।

१२. **मनोनयनपत्रको जाँच गर्ने:** (१) निर्वाचन अधिकृतले नियम ६ बमोजिम दर्ता भएको मनोनयनपत्र निर्वाचन कार्यक्रममा उल्लिखित मिति, समय र स्थानमा जाँच गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मनोनयनपत्र जाँच गर्दाका बखत प्रस्तावक, समर्थक वा उम्मेदवार स्वंय वा निजले लिखित रुपमा अधिकार दिएको एकजना प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।

तर प्रस्तावक, समर्थक वा उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र सो सम्बन्धमा निर्णय गर्न यस उपनियमले वाधा पुऱ्याएको मानिने छैन ।

(३) उपनियम (१) बमोजिम मनोनयनपत्रको जाँच गर्दा नियम ११ बमोजिम कुनै उम्मेदवारको विरोधमा उजुरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ ।

(४) उपनियम (१) बमोजिम मनोनयनपत्रको जाँच गर्दा कुनै निर्वाचन क्षेत्रमा एकै व्यक्तिको एक भन्दा बढी मनोनयनपत्रहरू दर्ता भएकोमा त्यस्ता मनोनयनपत्रहरू रीतपूर्वकका रहेछन् भने निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधिको इच्छा अनुसार कुनै एउटा मनोनयनपत्र कायम गर्नुपर्नेछ ।

नेपाल कानून आयोग

१३. **उम्मेदवारको नामावली तयार गर्ने**: निर्वाचन अधिकृतले नियम १२ बमोजिम मनोनयनपत्रहरूको जाँच गरिसकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारहरूको नामावली अनुसूची-७ बमोजिमको ढाँचामा तयार गरी एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्नेछ र एक प्रति आयोगमा तुरुन्त पठाउनुपर्नेछ ।

१४. **नाम फिर्ता लिन सक्ने**: (१) नियम १३ बमोजिम प्रकाशित उम्मेदवारको नामावलीको सूचीमा नाम समावेश भएको कुनै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा उम्मेदवार आफै वा निजको प्रतिनिधि मार्फत निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयभित्र निर्वाचन अधिकृत समक्ष अनुसूची-८ बमोजिमको ढाँचामा नाम फिर्ता लिने सूचना दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नाम फिर्ता लिने सूचना निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गरिनेछ र त्यसरी दर्ता भएको सूचना वदर गर्न वा फिर्ता लिन सकिने छैन ।

(३) उपनियम (२) बमोजिम दर्ता भएको सूचनाको सत्यतामा निर्वाचन अधिकृत सन्तुष्ट भएमा नाम फिर्ता लिने उम्मेदवारको नाम उम्मेदवारको नामावलीको सूचीबाट हटाउनुपर्नेछ ।

(४) कुनै राजनीतिक दलले खडा गरेको कुनै उम्मेदवारको सम्बन्धमा सो दलको तर्फबाट उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न नियम ७ बमोजिम अधिकार प्राप्त पदाधिकारीले निजको नाम फिर्ता लिने गरी निर्वाचन अधिकृतलाई निर्वाचनको कार्यक्रममा उल्लिखित मिति र समयभित्र लेखी पठाएमा निजलाई सो दलको उम्मेदवारको रुपमा कायम राखिने छैन ।

(५) निर्वाचन अधिकृतले उपनियम (३) वा (४) बमोजिम नाम हटाइएको सूचना अनुसूची-९ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्नेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले समानुपातिक निर्वाचनको लागि निर्धारित निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयभित्र आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट हटाउन आयोग समक्ष निवेदन दिएमा आयोगले त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाई सो को जानकारी सम्बन्धित राजनीतिक दललाई दिनुपर्नेछ ।



नेपाल कानून आयोग

१५. **उम्मेदवारको अन्तिम नामावली:** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारको नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारहरूको नामावली अनुसूची-१० बमोजिम तयार गरी सो नामावलीको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गरी सोको एक प्रति आयोगमा तुरुन्त पठाउनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम उम्मेदवारको अन्तिम नामावली तयार गर्दा उम्मेदवारको नाम वर्णानुक्रम अनुसार लेखिनेछ र कुनै राजनीतिक दलबाट मनोनीत उम्मेदवार भएमा निजहरूको मनोनयनपत्रमा लेखिएको ठेगानामा सो दलको नाम समेत उल्लेख गरिनेछ।

१६. **उम्मेदवारको बन्दसूचीको अन्तिम प्रकाशन:** (१) आयोग समक्ष प्राप्त हुन आएको उम्मेदवारको बन्दसूची आयोगले अध्यादेश तथा यस नियमावली बमोजिम जाँचबुझ गरी सार्वजनिक गरेपछि त्यस्तो सूचीमा नाम समावेश भएका कुनै उम्मेदवार संविधान तथा अध्यादेश बमोजिम योग्यता नपुगेको भनी अध्यादेशको दफा २९ बमोजिम कुनै राजनीतिक दल वा समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै व्यक्तिले आयोग समक्ष अनुसूची-११ बमोजिमको ढाँचामा दावी विरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दावी विरोध उपर आयोगले आवश्यक जाँचबुझ गरी कुनै उम्मेदवारको योग्यता नपुगेको देखिएमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाई आयोगले उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्नेछ।

तर यसरी कुनै उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाउनु अघि निजलाई आफ्नो भनाई पेश गर्ने मौका दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिमको बन्दसूची अनुसूची-१२ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम अन्तिम रुपमा प्रकाशित उम्मेदवारको बन्दसूची आयोगले सम्बन्धित राजनीतिक दलको जानकारीको लागि पठाउनुपर्नेछ।

१७. **निर्विरोध निर्वाचित भएको घोषणा:** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत देहायका अवस्थामा उम्मेदवार निर्विरोध निर्वाचित हुनेछ :-



नेपाल कानून आयोग

(क) कुनै निर्वाचन क्षेत्रमा एक जना उम्मेदवारको मात्र रीतपूर्वकको मनोनयनपत्र दर्ता भएमा, वा

(ख) कुनै निर्वाचन क्षेत्रमा एक भन्दा बढी मनोनयनपत्र दर्ता भएकोमा मनोनयनपत्र जाँच गर्दा एउटा मनोनयनपत्र मात्र रीतपूर्वक भई अन्य मनोनयनपत्र रीत नपुगेको वा मनोनीत उम्मेदवारको योग्यता नपुगेको भएमा, वा

(ग) उम्मेदवारको नामावलीमा उल्लिखित उम्मेदवारहरू मध्ये नाम फिर्ता लिने उम्मेदवारको नाम सो नामावलीबाट हटाएपछि अन्तिम नामावलीमा एउटा मात्र उम्मेदवारको नाम कायम रहेमा ।

(२) उपनियम (१) को खण्ड (क) वा (ख) को अवस्थामा नियम १३ बमोजिम उम्मेदवारको नामावली प्रकाशित गरेपछि र सोही उपनियमको खण्ड (ग) को अवस्थामा नियम १५ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरेपछि उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम निर्विरोध निर्वाचित भएमा निर्वाचन अधिकृतले अनुसूची-१३ बमोजिमको ढाँचामा घोषणा गरी सोको जानकारी आयोगलाई तुरुन्त दिनुपर्नेछ।

१८. **उम्मेदवारलाई परिचयपत्र दिने**: नियम १५ बमोजिम प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा कायम उम्मेदवारलाई निर्वाचन अधिकृतले अनुसूची-१४ बमोजिमको ढाँचामा परिचयपत्र दिनेछ।

परिच्छेद-४

## निर्वाचन चिन्ह

१९. **निर्वाचन चिन्हः** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि कुनै राजनीतिक दललाई वा सो दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिलाई वितरण गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गरी अध्यादेशको दफा ३१ को उपदफा (६) बमोजिम वितरण गर्दा सम्वत् २०६४ सालमा भएको संविधान सभा सदस्य निर्वाचनबाट तत्कालिन संविधान सभामा प्रतिनिधित्व भएका राजनीतिक दल र त्यस्तो राजनीतिक दलबाट विभाजन भई अध्यादेश प्रारम्भ हुँदाका



नेपाल कानून आयोग

वखत आयोगमा दर्ता कायम रहेको राजनीतिक दललाई सो निर्वाचन प्रयोजनको लागि आयोगबाट वितरण गरिएको निर्वाचन चिन्ह नै सो दलले प्रचलित कानून बमोजिम निर्वाचन प्रयोजनका लागि दर्ता गर्दा प्रदान गर्नुपर्नेछ।

(२) उपनियम (१) मा उल्लिखित राजनीतिक दल बाहेकका अन्य राजनीतिक दल वा सो दलका तर्फबाट खडा हुने उम्मेदवारलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचन तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि आयोगले निर्वाचन चिन्ह निर्धारण गरी वितरण गर्दा ती दलहरूले निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको लागि आयोग समक्ष दिएको निवेदनमा प्राथमिकता क्रमको आधारमा माग गरेको निर्वाचन चिन्ह अरु राजनीतिक दलसँग विवाद नहुने गरी दल दर्ता गर्दाका वखत प्रदान गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा एक भन्दा बढी राजनीतिक दलले एउटै वा उस्तै प्रकारको निर्वाचन चिन्ह माग गरेमा आयोगले ती राजनीतिक दलहरू बीच छलफल गराई सहमति कायम भए बमोजिमको निर्वाचन चिन्ह वितरण गर्नेछ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम छलफलबाट सहमति कायम हुन नसकेमा त्यस्तो राजनीतिक दलले दल दर्ताको लागि आयोग समक्ष दिएको निवेदनको आधारमा पहिले निवेदन दिने दललाई प्राथमिकता दिने गरी निर्वाचन चिन्ह निर्धारण गरी सो बमोजिम पाउने ठहरिएको निर्वाचन चिन्ह सो राजनीतिक दललाई प्रदान गरिनेछ।

(५) आयोगमा निर्वाचन प्रयोजनका लागि दर्ता भएको राजनीतिक दलको उम्मेदवार बाहेक अरु कुनै स्वतन्त्र उम्मेदवारले यस नियम बमोजिमको निर्वाचन चिन्ह एक भन्दा बढी निर्वाचन क्षेत्रमा प्रयोग गर्न माग गर्न सक्ने छैन।

(६) निर्वाचन अधिकृतले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएको राजनीतिक दलको उम्मेदवारलाई त्यस्तो दलले आयोगबाट प्राप्त गरेको निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ।

(७) निर्वाचन अधिकृतले उपनियम (६) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा मुचुल्का गराई राख्नुपर्नेछ।

(८) निर्वाचन अधिकृतले उपनियम (६) बमोजिम निर्वाचन चिन्ह प्रदान गरेको सूचना अनुसूची-१५ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गरी सो सूचनाको एक प्रति आयोगमा तुरुन्त पठाउनुपर्नेछ ।

(९) यस नियम बमोजिम आयोगले राजनीतिक दलहरूलाई निर्वाचन चिन्ह प्रदान गरेको सूचना अनुसूची-१६ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।

(१०) कुनै राजनीतिक दललाई एक पटक प्रदान गरिएको निर्वाचन चिन्ह सो दलको दर्ता कायम रहेसम्म सोही दलले पाउनेछ ।

(११) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि आयोगले यस नियम बमोजिम निर्वाचन चिन्ह निर्धारण गरी उम्मेदवार तथा राजनीतिक दलले प्रयोग गर्न पाउने निर्वाचन चिन्हहरूको समूह नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

२०. **स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह वितरण गर्ने:** (१) अध्यादेशको दफा ३१ को उपदफा (७) बमोजिम आयोगले स्वतन्त्र उम्मेदवारहरूको लागि निर्धारण गरेको निर्वाचन चिन्हको समूहबाट निर्वाचन अधिकृतले प्रत्येक स्वतन्त्र उम्मेदवारलाई निजको नामको वर्णानुक्रम अनुसार एउटा निर्वाचन चिन्ह रोज्न लगाई निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन चिन्ह रोज्न लगाउँदा एक भन्दा बढी उम्मेदवारहरूले एउटै निर्वाचन चिन्ह रोजेमा निर्वाचन अधिकृतले ती उम्मेदवारहरू बीच छलफल गराई सहमति कायम भए बमोजिमको निर्वाचन चिन्ह वितरण गर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) बमोजिम छलफलबाट सहमति कायम हुन नसकेमा त्यस्ता उम्मेदवारको सम्बन्धमा निर्वाचन अधिकृत समक्ष परेको मनोनयनपत्र दर्ताको आधारमा पहिले मनोनयनपत्र दर्ता गर्ने उम्मेदवारलाई प्राथमिकता दिने गरी निर्वाचन चिन्ह निर्धारण गरी सो बमोजिम पाउने ठहरिएको निर्वाचन चिन्ह सो उम्मेदवारलाई प्रदान गरिनेछ ।

(४) यस नियम बमोजिम निर्वाचन अधिकृतले स्वतन्त्र उम्मेदवारलाई प्रदान गर्ने निर्वाचन चिन्ह रोज्न लगाई वितरण गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन चिन्ह वितरण गर्नुपर्नेछ ।

नेपाल कानून आयोग

तर निर्वाचन चिन्ह वितरण गर्दा उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको कारणबाट यस नियम बमोजिम निर्वाचन चिन्ह वितरण गर्ने कार्यमा वाधा पुगेको मानिने छैन ।

(५) निर्वाचन अधिकृतले यस नियम बमोजिम स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा मुचुल्का गराई राख्नुपर्नेछ ।

(६) निर्वाचन अधिकृतले उपनियम (१) वा (२) बमोजिम निर्वाचन चिन्ह प्रदान गरेको सूचना अनुसूची-१७ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गरी सो सूचनाको एक प्रति आयोगमा तुरुन्त पठाउनुपर्नेछ ।

२१. **निर्वाचन चिन्ह प्रकाशन गर्ने**: यस नियमावली बमोजिम राजनीतिक दललाई प्रदान गरिएको निर्वाचन चिन्ह आयोगले सार्वजनिक रुपमा प्रकाशन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

परिच्छेद-५

## मतदान केन्द्र, मतपत्र र मतपेटिका

२२. **मतदान केन्द्र तोक्ने**: (१) आयोगले निर्वाचन क्षेत्रमा आवश्यक संख्यामा मतदान केन्द्रहरू तोक्नेछ ।

(२) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम तोकिएको मतदान केन्द्रको सूची अनुसूची-१८ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम मतदान केन्द्रको सूची प्रकाशन गर्दा कुन कुन गाउँ वा टोलका मतदाताहरूले कुन मतदान केन्द्रमा मतदान गर्न पाउने हो सो कुरा समेत स्पष्ट उल्लेख गरिएको हुनुपर्नेछ ।

(४) उपनियम (१) बमोजिम मतदान केन्द्र तोक्दा सकभर मतदातालाई पायक पर्ने गरी सार्वजनिक स्थानमा तोक्नुपर्नेछ ।

(५) कुनै मतदान केन्द्रमा मतदान गर्ने मतदाताहरूको संख्या आयोगले तोकेको संख्या भन्दा बढी हुने भएमा वा अन्य कुनै विशेष परिस्थिति सिर्जना भएको कारणबाट अन्य छुट्टै मतदान केन्द्र तोक्नुपर्ने भएमा आयोगको स्वीकृति लिई निर्वाचन अधिकृतले सो बढी हुने मतदाताहरूको लागि वा विशेष परिस्थितिको कारणबाट छुट्टै मतदान केन्द्र तोक्न सक्नेछ ।





नेपाल कानून आयोग

(६) सुरक्षा तथा सुविधाको दृष्टिकोणबाट मतदान केन्द्र तोक्दा अपनाउनुपर्ने अन्य आधारहरू आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२३. **मतदान केन्द्रको क्षेत्र तोक्ने:** मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया एक सय मिटरसम्मको क्षेत्रलाई चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नेछ र त्यसको सूचना मतदान केन्द्रमा सर्वसाधारणले देख्ने गरी प्रकाशन गर्नेछ । त्यस्तो क्षेत्रभित्र मतदान कार्य नसकिएसम्म कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै प्रकारको प्रचारप्रसार गर्न पाइने छैन ।

२४. **मतदान केन्द्रमा प्रवेश निषेध गर्न सकिने:** (१) मतदान अधिकृतले मतदान केन्द्रमा भीड हुन तथा अवाञ्छनीय रुपमा जमघट हुन वा गडवडी हुन नपाउने गरी मतदाताहरूलाई प्रवेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) अध्यादेशको दफा ४४ को उपदफा (१) को खण्ड (घ) बमोजिम मतदान अधिकृतले कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिंदा मतदान कार्यको निमित्त अत्यावश्यक पर्ने व्यक्ति हो होइन भन्ने कुरा यकिन गरेर मात्र अनुमति प्रदान गर्नेछ।

२५. **मतपत्र:** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि हल्का निलो रङ्गको तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि हल्का रातो रङ्गको मतपत्र हुनेछ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि प्रयोग गरिने मतपत्रमा उम्मेदवारको निर्वाचन चिन्ह र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको मतपत्रमा राजनीतिक दलको निर्वाचन चिन्ह छापिएको हुनेछ।

(३) प्रत्येक मतपत्रको अर्धकट्टीमा सिलसिलेवार क्रमसंख्या छापिएको हुनेछ।

(४) प्रत्येक मतदान केन्द्रमा आयोगले निश्चित गरेको क्रमसंख्याको मतपत्रहरू मात्र प्रयोग गरिनेछ। पुनः मतदान गराउनु पर्दा निर्वाचन अधिकृतले आयोगको स्वीकृति लिई अर्को क्रम संख्याको मतपत्रहरू निश्चित गरी मतदान अधिकृतलाई उपलब्ध गराउनेछ।

(५) मतपत्र सम्बन्धी अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

२६. **मतपेटिका बिग्रिए वा नासिएमा**: मतपेटिका बिग्रिएमा वा नासिएमा मतदान अधिकृतले आफ्नो र उपस्थित राजनीतिक दल वा उम्मेदवार वा तिनका प्रतिनिधिको समेत सहिछाप गरी गराई मुचुल्का तयार गर्नुपर्नेछ र निजहरूले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहिछाप गराउनुपर्नेछ र सोको जानकारी निर्वाचन अधिकृतलाई दिनुपर्नेछ।

२७. **मतपत्रको सीलबन्दी खोल्ने**: मतदान अधिकृतले मतदान शुरु हुनु अघि आफ्नो र उपस्थित राजनीतिक दल वा उम्मेदवार वा तिनका प्रतिनिधिहरूको सहिछाप गरी गराई मतपत्रको सीलबन्दी खोलेको मुचुल्का गर्नुपर्नेछ र निजहरूले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहिछाप गराउनु पर्नेछ।

२८. **मतपेटिका जाँच गर्ने र बन्द गर्ने कार्यविधि**: (१) मतदान अधिकृतले मतदान कार्य शुरु हुनु अघि उपस्थित राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिहरूको रोहवरमा मतपेटिका खोलेर देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए नभएको जाँच गर्नेछ।

(२) उपनियम (१) बमोजिम मतपेटिका जाँच गरिसकेपछि निजहरूकै रोहवरमा रित्तो मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बाँकी राखी मतपेटिकाको बिर्को बन्द गरी सुरक्षण सिल लगाई मतदान केन्द्रमा उपस्थित राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिको सहिछाप गराई मुचुल्का तयार गर्नुपर्नेछ र निजहरूले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुई जना व्यक्तिको सहिछाप गराउनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम मतपेटिका बन्द गरेपछि मतदान कार्य शुरु गर्दा आफ्नो र मतदान केन्द्रमा उपस्थित राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिको सहिछाप गरी गराई मुचुल्का तयार गर्नुपर्नेछ र निजहरूले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुई जना व्यक्तिको सहिछाप गराउनुपर्नेछ।

२९. **मतपत्र दिने कार्यविधि**: (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले सो मतदाताको नाम, थर, उमेर, ठेगाना सोधी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ छैन र दर्ता भएको व्यहोरासँग भिड्छ भिड्दैन सो जाँच गर्नेछ । यसरी जाँच गर्ने क्रममा मतदान अधिकृतले आयोगले तोकेको

नेपाल कानून आयोग

मतदाताको परिचय खुल्ने कुनै पनि किसिमको कागजात, लिखत वा परिचय-पत्र सम्बन्धित मतदातासँग माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचूक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निजनै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजलाई मतदान गर्न अनुमति दिनेछ ।

(३) मतदातालाई मतदान गर्न मतपत्र दिनुअघि मतदान अधिकृतले वा निजले खटाएको कर्मचारीले मतदाताको बाँया हातको बुढी औलाको नङ्ग र मासुको जोर्नीमा जाँच गरी मसिको चिन्ह लगाउनुपर्नेछ । मतदाताको बाँया हातको बुढी औला नभए क्रमशः अन्य औलामा र बाँया हातमा कुनै औला नभए दायाँ हातको सोही क्रमानुसारको औलाको नङ्ग र मासुको जोर्नीमा चिन्ह लगाउनुपर्नेछ । मतदाताको दुबै हातमा कुनै औला नभएमा सोही व्यहोरा कैफियत जनाई निजले रोजेको व्यक्तिद्वारा मतदान गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम चिन्ह लगाई सकेपछि मतपत्रको अर्धकट्टीमा मतदाताको सहिछाप गराई मतदाता नामावलीमा रेजा चिन्ह लगाई मतदातालाई सर्वप्रथम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि प्रयोग हुने मतपत्र दिनुपर्नेछ ।

तर मतदाता नामावलीमा रेजा चिन्ह लगाउन बाहेक अन्य कुनै चिन्ह, संकेत वा व्यहोरा लेख्न हुंदैन ।

(५) उपनियम (४) बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि प्रयोग हुने मतपत्र मतपेटिकामा खसाली सकेपछि मतदाता मतदान केन्द्रबाट बाहिर ननिस्कदै मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले त्यस्ता मतदातालाई समानुपातिक निर्वाचन प्रणालीको लागि प्रयोग हुने मतपत्र दिनुपर्नेछ ।

३०. **मतदान गर्ने तरीकाः** (१) मतदाताले मतपत्र लिएपछि मतसंकेत गर्ने गोप्य स्थानमा गई आफूले रोजेको राजनीतिक दल वा उम्मेदवारको चिन्ह भएको मतपत्रको कोठामा नियम ३१ मा उल्लेख भए बमोजिम मतसंकेत गर्ने छाप लगाउनुपर्नेछ र सो मतपत्रलाई पट्टयाई मतपेटिका भित्र खसाल्नुपर्नेछ ।

(२) मतसंकेतको लागि छाप लगाउने गोप्य स्थानमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिइनेछ ।



नेपाल कानून आयोग

(३) कुनै मतदाता मतसंकेत गर्ने गोप्य स्थानमा मतपत्रमा मतसंकेत गर्ने छाप लगाउने र मतपत्र पट्टयाउन लाग्ने समयभन्दा बढी समयसम्म बसेको छ भन्ने मतदान अधिकृतलाई लागेमा निजले सो गोप्य स्थानको निरीक्षण गर्न र त्यहाँ रहेको मतदातालाई बाहिर पठाउन सक्नेछ।

(४) कुनै मतदाताले मतपत्र बुझी लिएपछि मतदान नगर्ने निश्चय गरेमा सो मतपत्र मतदान अधिकृतलाई फिर्ता दिनुपर्नेछ।

३१. **मतपत्रमा छाप लगाउनुपर्नेः** (१) मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि मतदान गर्दा मतपत्रमा आफूले रोजेको कुनै एक जना उम्मेदवारको लागि छुट्टयाईएको कोठामा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि मतदान गर्दा आफूले रोजेको कुनै एक राजनीतिक दलको लागि छुट्टयाइएको कोठामा स्वस्तिक ( ) चिन्ह लगाई मतसंकेत गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम मतसंकेत गर्दा कसैले नदेख्ने गरी मतसंकेत गर्न तोकिएको गोप्य स्थानमा गई स्वस्तिक चिन्ह लगाई मतसंकेत गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम मतसंकेत गरेपछि सो मतसङ्केत गरेको चिन्ह नदेखिने गरी मतपत्र पट्टयाई मतपेटिका भित्र खसाल्नुपर्नेछ।

३२. **नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्नेः** (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएमा राजनीतिक दल वा उम्मेदवार वा तिनको प्रतिनिधिले पचास रुपैयाँ धरौटी राखी मतदान अधिकृत समक्ष अनुसूची-१९ बमोजिमको ढाँचामा निवेदन दिई विरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम विरोध भएमा मतदान अधिकृतले सो सम्बन्धमा आवश्यक प्रमाण बुझी निर्णय गर्नुपर्नेछ र यसरी पर्न आएको विरोध र सोको निर्णय तुरुन्त अभिलेख जनाई राख्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम निर्णय गर्दा विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ। विरोध ठीक नठहरेमा सो धरौटी रकम जफत हुनेछ।

३३. **विद्युतीय उपकरणको प्रयोगः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान गर्ने प्रयोजनको लागि कुनै वा सबै निर्वाचन क्षेत्र वा कुनै निर्वाचनमा आयोगले विद्युतीय उपकरणको प्रयोग गर्ने व्यवस्था गर्न सक्नेछ।



नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम आयोगले विद्युतीय उपकरण प्रयोग गर्ने व्यवस्था गरेको निर्वाचन क्षेत्र वा निर्वाचनमा मतदाताले मतदान गर्दा विद्युतीय उपकरणको प्रयोग गर्नुपर्नेछ ।

(३) विद्युतीय उपकरण प्रयोग गर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

३४. **मतपेटिकाको मतपत्र खसाल्ने प्वाल सुरक्षण सिल लगाई बन्द गर्ने:** मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले मतपेटिकाको मतपत्र खसाल्ने प्वाल आयोगद्वारा निर्धारित तरीका बमोजिम बन्द गरी सुरक्षण सिल लगाई मतदान केन्द्रमा उपस्थित राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहिछाप गरी गराई मुचुल्का तयार गर्नुपर्नेछ र निजहरूले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहिछाप गराउनुपर्नेछ ।

३५. **मतपत्रको फाँटवारी राख्ने:** मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले आयोगद्वारा निर्धारित ढाँचामा मतपत्रको फाँटवारी तयार गरी राख्नुपर्नेछ ।

३६. **बाँकी मतपत्र र कागजात सुरक्षित राख्ने:** मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले मतदानको काममा प्रयोग गरी बाँकी रहेका देहायका मतपत्रहरू र अन्य कागजातहरू छुट्टाछुट्टै खाममा बन्द गरी खामको बाहिर कस्तो र कति मतपत्र वा कागजात रहेको छ सो उल्लेख गरी आफ्नो र मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिले चाहेमा निजहरूको समेत सहिछाप गरी गराई मुचुल्का तयार गर्नुपर्नेछ र निजहरूले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजनाको सहिछाप गराउनुपर्नेछ :-

(क) प्रयोग नभएका मतपत्रहरू,

(ख) रद्द गरिएका मतपत्रहरू,

(ग) मतपेटिका बाहिर रहेका मतपत्रहरू,

(घ) मत नदिने निश्चय गरी मतदाताले मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्रहरू,

(ङ) आयोग वा निर्वाचन अधिकृतको निर्देशन अनुसार खाम बन्द गरी लाहाछाप लगाई राख्नुपर्ने अन्य कुनै कागजात ।

नेपाल कानून आयोग

३७. **मतपेटिका र कागजात निर्वाचन अधिकृतलाई बुझाउने**: (१) मतदान अधिकृतले नियम ३४ बमोजिम सुरक्षण सिल लगाईएका मतपेटिका र नियम ३६ बमोजिमको मतपत्र तथा कागजात राखेको बन्दी खामहरू र अन्य निर्वाचन सामग्री तथा कागजात सुरक्षित रुपमा ल्याई निर्वाचन अधिकृतलाई तुरुन्त बुझाउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपेटिका र कागजात बुझेपछि निर्वाचन अधिकृतले मतदान अधिकृतलाई सोको भर्पाई दिनुपर्नेछ ।

३८. **विशेष परिस्थितिमा मतदान स्थगित गर्ने**: (१) अध्यादेशको दफा ४० को उपदफा (१) बमोजिम हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई वा कुनै कारणले विद्युतीय उपकरण संचालन हुन नसकी वा उपद्रव वा प्राकृतिक विपत्ति वा काबू वाहिरको कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा सो मतदान केन्द्रमा नियुक्त मतदान अधिकृत वा सो निर्वाचन क्षेत्रको निर्वाचन अधिकृत विश्वस्त भई सो मतदान केन्द्रको मतदान स्थगित गर्नुपर्ने अवस्था परेमा मतदान अधिकृत वा निर्वाचन अधिकृतले त्यसरी मतदान स्थगित गर्नुपर्ने कारण समेत खुलाई आफ्नो र मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहिछाप गरी गराई मुचुल्का तयार गर्नुपर्नेछ र निजहरूले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहिछाप गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदान स्थगित गर्ने मुचुल्का गरिसकेपछि मतदान स्थगित गर्नु परेको कारण समेत स्पष्ट उल्लेख गरी मतदान अधिकृत वा निर्वाचन अधिकृतले मतदान स्थगितको सूचना प्रकाशित गर्नुपर्नेछ ।

नेपाल कानून आयोग

## परिच्छेद-६

## मतगणना र निर्वाचन परिणाम

३९. **मतगणना प्रारम्भ हुने सूचना प्रकाशन गर्नुपर्ने**: (१) निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रहरूबाट मतदानमा प्रयोग भएका सबै मतपेटिकाहरू मतदान अधिकृतहरूबाट प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समय उल्लेख गरी राजनीतिक दल वा उम्मेदवारको जानकारीको लागि अनुसूची-१० बमोजिमको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनामा राजनीतिक दल वा उम्मेदवारले मतगणना गर्ने ठाउँमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा सो प्रतिनिधि समेत नियुक्त गरी पठाउनुपर्ने कुरा समेत उल्लेख गर्नुपर्नेछ।

४०. **निर्धारित समयमा मतगणना शुरु गर्ने**: (१) निर्वाचन अधिकृतले नियम ३९ को उपनियम (१) बमोजिम तोकिएको स्थान, मिति र समयमा उपस्थित राजनीतिक दल वा उम्मेदवार वा निजको मतगणना प्रतिनिधिहरूको रोहवरमा मतगणना प्रारम्भ गर्नुपर्नेछ।

तर राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको कारणबाट मतगणना गर्ने कार्यमा वाधा पुगेको मानिने छैन।

(२) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेको मुचुल्का गराई राख्नुपर्नेछ।

(३) मतगणना शुरु भएको जानकारी निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनुपर्नेछ।

४१. **मतपेटिका जाँच गर्ने**: (१) मतगणना प्रारम्भ भएको मुचुल्का गरिसकेपछि निर्वाचन अधिकृतले उपस्थित राजनीतिक दल वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहवरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नुपर्नेछ :-

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ छैन,

(ख) मतपेटिका मा मतदान केन्द्रको नाम, संकेत संख्या र मतपेटिकाको संख्या उल्लेख गरिएको छ छैन,

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षण सिल दुरुस्त छ छैन।

(२) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम मतपेटिकाको जाँच गरेको मुचुल्का गराई राख्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा सोही व्यहोरा खुलाई मुचुल्का गराई उपस्थित राजनीतिक दल, उम्मेदवार वा निजको प्रतिनिधिको सहिछाप गराई राख्नुपर्नेछ। यसरी मुचुल्का तयार भएपछि त्यस्ता मतपेटिका सुरक्षित स्थानमा राखी अन्य मतपेटिकाको मतपत्र गणना गर्ने कार्य गर्नुपर्नेछ। त्यस्तो

नेपाल कानून आयोग

मतगणना कार्य समाप्त भएपछि कैफियत देखिएका मतपेटिकाको सम्बन्धमा सहमति कायम गरी मतपत्र गणना गर्ने काम शुरु गर्नुपर्नेछ । सहमति कायम हुन नसकेमा आयोगलाई जानकारी गराई प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

४२. **मतगणनाः** (१) निर्वाचन अधिकृतले नियम ३९ बमोजिमको सूचनामा उल्लेख गरिएको स्थान, मिति र समयमा सम्भव भएसम्म दुबै निर्वाचन प्रणाली अन्तर्गतको मतगणना एकै समयमा प्रारम्भ गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम एकै समयमा मतगणना प्रारम्भ गर्न नसकिएमा पहिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा उम्मेदवारले प्राप्त गरेको मतको गणना गर्नुपर्नेछ र सो मतगणनाको काम समाप्त भएपछि मात्र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा राजनीतिक दलले पाएको मतको गणना गर्नुपर्नेछ ।

४३. **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको मतगणनाः** (१) नियम ४१ बमोजिम मतपेटिका जाँच गरेको मुचुल्का गरिसकेपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको प्रयोजनको लागि प्रयोग गरिएको मतपेटिकामा लगाएको सुरक्षण सिल तोडी मतपेटिकाको बिर्को खोल्नुपर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्रहरू मतपत्र गणना गर्ने स्थानमा खन्याउनुपर्नेछ । यसरी मतपत्र खन्याउँदा एक भन्दा बढी मतदान केन्द्रको मतपत्रहरू एकै स्थानमा खन्याई मिसाई मतगणना गर्नुपर्नेछ ।

तर एक भन्दा बढी मतदान केन्द्रहरूको मतपत्रहरू एकै स्थानमा खन्याई मतपत्रहरू मिसाई मतगणना प्रारम्भ गर्नु अगावै प्रत्येक मतदान केन्द्रको मतपत्रहरू आयोगद्वारा स्वीकृत निर्देशिकामा लेखिए बमोजिम गणना गरी सो मतदान केन्द्रमा खसेको कूल मतसँग भिडाई सो को विवरण छुट्टै लेखी सुरक्षित राख्नुपर्नेछ ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत कुनै निर्वाचन क्षेत्रमा सबै मतदान केन्द्रहरूको मतगणनाको कार्य पूरा भईसकेपछि सो को मुचुल्का गराई निर्वाचन अधिकृतले आयोगद्वारा स्वीकृत निर्देशिकाले निर्धारण गरेको ढाँचामा मतगणनाको तालिका तयार गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम मतगणना तालिका तयार भएपछि दुई वा दुई भन्दा बढी उम्मेदवारले प्राप्त गरेको कूल सदर मत बराबर भएमा निर्वाचन अधिकृतले सबै भन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवारहरूका बीच गोला हाली निर्णय गर्नुपर्नेछ ।





नेपाल कानून आयोग

(४) निर्वाचन अधिकृतले उपनियम (२) बमोजिम मतगणना तालिका तयार गरिसकेपछि सोही आधारमा अनुसूची-२१ बमोजिमको ढाँचामा निर्वाचन परिणाम प्रकाशन गरी निर्वाचन परिणामको घोषणा गर्नुपर्नेछ ।

(५) निर्वाचन अधिकृतले उपनियम (४) बमोजिम निर्वाचन परिणामको एक प्रति आयोगमा तुरुन्त पठाउनुपर्नेछ ।

(६) निर्वाचन अधिकृतले उपनियम (४) बमोजिम निर्वाचन परिणामको घोषणा गर्दा सबै भन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गर्नुपर्नेछ ।

(७) निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गरिसकेपछि निर्वाचित उम्मेदवारलाई अनुसूची-२१ बमोजिमको प्रमाणपत्र दिनुपर्नेछ ।

(८) निर्वाचनको परिणाम प्रकाशित गरिसकेपछि निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी प्रतिवेदन आयोगद्वारा स्वीकृत निर्देशिकाले निर्धारण गरेको ढाँचामा तयार गरी आयोगमा तुरुन्त पठाउनुपर्नेछ ।

४४. **समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको मतको गणनाः** (१) नियम ४१ बमोजिम मतपेटिका जाँच गरेको मुचुल्का गरिसकेपछि समानुपातिक निर्वाचनको प्रयोजनको लागि प्रयोग गरिएको मतपेटिकामा लगाएको सुरक्षण सिल तोडी मतपेटिकाको बिर्को खोल्नुपर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्रहरू मतपत्र गणना गर्ने स्थानमा खन्याउनुपर्नेछ । यसरी मतपत्र खन्याउँदा एक भन्दा बढी मतदान केन्द्रको मतपत्रहरू एकै स्थानमा खन्याई मिसाई मतगणना गर्नुपर्नेछ ।

तर एक भन्दा बढी मतदान केन्द्रहरूको मतपत्र एकै स्थानमा खन्याई मतपत्रहरू मिसाई मतगणना प्रारम्भ गर्नु अगावै प्रत्येक मतदान केन्द्रको मतपत्रहरू आयोगद्वारा स्वीकृत निर्देशिकामा लेखिए बमोजिम गणना गरी सो मतदान केन्द्रमा खसेको कूल मतसँग भिडाई सोको विवरण छुट्टै लेखी सुरक्षित राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतगणना गर्दा वदर भएको मतपत्र अलग राख्दै सदर भएको मतपत्रहरू राजनीतिक दलको निर्वाचन चिन्ह अनुसार अलग अलग छुट्ट्याउनुपर्नेछ । यसरी छुट्ट्याई ठेली बनाई प्रत्येक मतदान केन्द्रमा खसेको मतपत्रको कूल संख्या उल्लेख गरी मुचुल्का बनाउनुपर्नेछ ।

नेपाल कानून आयोग

(३) निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले मतगणना गर्दा सदर वा वदर मतपत्र राजनीतिक दलको निर्वाचन प्रतिनिधि वा निजको मतगणना प्रतिनिधिलाई देखाउनुपर्नेछ ।

तर सो मतपत्र निजलाई सच्याउन वा छुन दिनु हुदैन ।

(४) उपनियम (२) बमोजिम छुट्टयाइएका मतपत्रहरूमध्ये सबै भन्दा पहिले वदर मतपत्रको गणना गर्नुपर्नेछ । त्यसपछि राजनीतिक दलले पाएको सदर मतको गणना गर्नुपर्नेछ ।

(५) निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्रहरू मध्ये सदर र वदर मतपत्र छुट्टाछुट्टै खाममा बन्द गरी आफ्नो र राजनीतिक दलको निर्वाचन प्रतिनिधि वा निजको प्रतिनिधि समेतको लाहाछाप लगाउनुपर्नेछ ।

(६) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको मुचुल्का गर्नुपर्नेछ र सो मुचुल्कामा आफ्नो सही गरी मतगणना स्थलमा उपस्थित राजनीतिक दलका निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहिछाप समेत गराउनुपर्नेछ ।

(७) निर्वाचन अधिकृतले उपनियम (६) बमोजिमको मुचुल्का गरिसके पछि प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत संख्या आयोगद्वारा स्वीकृत निर्देशिकाले निर्धारण गरेको तालिकामा खुलाउनुपर्नेछ र राजनीतिक दलको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहिछाप गराउनुपर्नेछ ।

(८) यस नियम बमोजिम तयार गरिने मुचुल्का वा तालिकामा राजनीतिक दलको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले सहिछाप नगरेमा सोही व्यहोरा जनाई मतगणना स्थलमा उपस्थित अन्य दुईजनाको सहिछाप गराउनुपर्नेछ ।

(९) उपनियम (७) बमोजिमको मतगणना तालिकाको एक प्रति आयोगमा तुरुन्त पठाउनुपर्नेछ ।

४५. **समानुपातिक निर्वाचनको परिणामको घोषणा**: (१) नियम ४४ को उपनियम (९) बमोजिम सबै निर्वाचन अधिकृतहरूबाट मतगणना तालिका प्राप्त भएपछि आयोगले राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत अनुसूची-२३ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

नेपाल कानून आयोग

(२) राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली अनुसार भएको निर्वाचनमा जति मत प्राप्त गरेको छ सोही अनुपातमा अध्यादेशको दफा ७ को उपदफा (३) बमोजिम आयोगमा पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम सूचीकृत भएका उम्मेदवार मध्ये सोही उपदफा बमोजिम समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित राजनीतिक दलको केन्द्रीय कार्य समितिको निर्णयबाट छनौट भएको उम्मेदवारको नामावलीको सूचीमा नाम समावेश भएका उम्मेदवारहरू निर्वाचित भएको घोषणा आयोगले गर्नेछ। आयोगले यसरी उम्मेदवारहरू निर्वाचित भएको घोषणा गर्दा अध्यादेशको दफा ७ को अधीनमा रही गर्नुपर्नेछ।

(३) उपनियम (२) मा उल्लेख भए बमोजिम कुनै राजनीतिक दलले प्राप्त गरेको मतको अनुपातमा सो राजनीतिक दलले आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरू मध्येबाट अध्यादेशको दफा ७ बमोजिम उम्मेदवारको छनौट गरेको नदेखिएमा आयोगले सो बमोजिम सच्याउन सम्बन्धित राजनीतिक दललाई तीन दिनको समय दिनुपर्नेछ। त्यसरी दिइएको समयभित्र पनि सम्बन्धित राजनीतिक दलले सो बमोजिम सच्याई उम्मेदवारको संशोधित नामावली पेश नगरेमा अध्यादेशको दफा ७ को उपदफा (३) बमोजिम जुन समूहको समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेदवारको नामावली प्राप्त भएको छ समानुपातिक रुपले त्यति नै प्रतिशत सिटमा सम्बन्धित राजनीतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा आयोगले गर्नेछ। समानुपातिकरुपले उम्मेदवार छनौट गरे नगरेको छानवीन गर्ने अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

नेपाल कानून आयोग

(४) समानुपतिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत संख्याको अनुपातमा सो राजनीतिक दलले प्राप्त गर्ने सिट संख्याको निर्धारण अध्यादेशमा उल्लेख भए बमोजिम मत परिणाम विभाजक सूत्र प्रयोग गरी गरिनेछ।

(५) यस नियम बमोजिम सिट संख्या बाँडफाँड गर्दा कुनै सिटका सम्बन्धमा एक भन्दा बढी राजनीतिक दलको भागफल बराबर भएमा गोला हाली उक्त सिट कुन राजनीतिक दलले प्राप्त गर्ने भन्ने कुराको निर्धारण गरिनेछ।

(६) आयोगले निर्वाचन परिणामको घोषणा गरेपछि निर्वाचित उम्मेदवारलाई अनुसूची-२४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ।

(७) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले प्राप्त गरेको मतको अनुपातमा सिट संख्या बाँडफाँड सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-७

## राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधि

४६. **निर्वाचन प्रतिनिधिः** (१) उम्मेदवारले निर्वाचनको कामको लागि आफूले गर्नुपर्ने काम गर्न आफू उम्मेदवार रहेको एउटा निर्वाचन क्षेत्रमा एक जना निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(२) समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनको सम्पूर्ण काम कारबाही गर्न राजनीतिक दलले एक निर्वाचन क्षेत्रमा एक जना निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(३) सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम भएको र लेखपढ गर्न जान्ने व्यक्ति निर्वाचन प्रतिनिधि हुन सक्नेछ।

(४) निर्वाचन प्रतिनिधिको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्यमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिको रुपमा प्रतिनिधित्व गर्ने,

(ख) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्य गर्दा तयार गर्नुपर्ने विभिन्न मुचुल्कामा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिको रुपमा सही गर्ने,

(ग) निर्वाचन स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र शान्तिपूर्ण ढंगबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने।

(५) उपनियम (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त गरेको अवस्थामा उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएको मितिले सात दिनभित्र निर्वाचन अधिकृतलाई अनुसूची-२५ बमोजिमको नियुक्तिपत्रबाट जानकारी दिनुपर्नेछ।

(६) निर्वाचन अधिकृतले निर्वाचन प्रतिनिधिलाई अनुसूची-२६ बमोजिमको ढाँचामा परिचयपत्र दिनुपर्नेछ।

नेपाल कानून आयोग

४७. **मतदान प्रतिनिधिः** (१) राजनीतिक दल वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनमा मतदान सम्बन्धी कामको लागि आफूले गर्नुपर्ने काम गर्न अनुसूची-२७ बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(२) सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतदान प्रतिनिधि नियुक्त गर्न सकिनेछ।

(३) राजनीतिक दल वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान सम्बन्धी कामको लागि आफूले गर्नुपर्ने काम गर्न उपनियम (१) बमोजिमको मतदान प्रतिनिधि प्रत्येक मतदान केन्द्रको लागि एक जना नियुक्त गरी खटाउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम मतदान प्रतिनिधि नियुक्त गरेको जानकारी सम्बन्धित मतदान केन्द्रको मतदान अधिकृतलाई दिनुपर्नेछ।

(५) मतदान प्रतिनिधिलाई मतदान अधिकृतले अनुसूची-२८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ।

(६) शान्तिपूर्ण ढंगबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्नु तथा मतदान सम्बन्धी तयार गर्नुपर्ने मुचुल्कामा सही गर्नु मतदान प्रतिनिधिको कर्तव्य हुनेछ।

४८. **मतगणना प्रतिनिधिः** (१) मतगणना सम्बन्धी कामको लागि राजनीतिक दल वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन अधिकृतबाट तोकिएको संख्यामा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(२) सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्न सकिनेछ।

(३) मतगणना प्रतिनिधिको कार्य अवधि राजनीतिक दल वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ।

(४) मतगणना प्रतिनिधिलाई मतगणना स्थलमा प्रवेश गर्नको लागि निर्वाचन अधिकृतले अनुसूची-२९ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ।

(५) शान्तिपूर्ण ढंगबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्ने र मतगणना गर्दा तयार गर्नुपर्ने मुचुल्कामा सही गर्नु निजको कर्तव्य हुनेछ।



नेपाल कानून आयोग

परिच्छेद-८

## विविध

४९. **निविदा मतपत्र दिने कार्यविधिः** (१) कुनै मतदाताले आफ्नो नामबाट अरु कसैले मतपत्र लिइसकेको वा मतदान गरिसकेको र आफू नै वास्तविक मतदाता हो भनी दावी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष अनुसूची-३० बमोजिमको ढाँचामा आफ्नो परिचय खुल्ने प्रमाण सहित संलग्न राखी आफू नै वास्तविक मतदाता भएको दावी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दावी गरिएको अवस्थामा मतदान अधिकृतले दावीकर्ताको दावी बमोजिम निज दावीकर्ता वास्तविक मतदाता हो होइन भन्ने कुरा बुझ्नुपर्नेछ । दावीकर्ताले लिखित रुपमा आफ्नो परिचयको प्रमाण, परिचयपत्र, नागरिकताको प्रमाणपत्र वा निजको परिचय खुल्ने अन्य प्रमाण प्रस्तुत गरेमा सो को प्रतिलिपि मतदान अधिकृतले लिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तुत प्रमाणबाट दावीकर्ता वास्तविक मतदाता हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा मतदान अधिकृतले सो कुरा जनाई अभिलेख राखी निर्णय गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्णय गरेपछि मतदान अधिकृतले अनुसूची-३१ बमोजिमको ढाँचामा मतपत्रको लगतमा उल्लेख गर्नुपर्नेछ र लगतमा दावीकर्ताको सहिछाप समेत गराई मतपत्रमा मतदान अधिकृतले सही गर्ने ठाउँको बाँयातिरको खाली ठाउँमा “निविदा मतपत्र” लेखी सो मतपत्र दावीकर्ता मतदातालाई दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिमको मतपत्र मतपेटिका भित्र नखसाली “निविदा मतपत्र” राख्ने छुट्टै खाममा राख्नुपर्नेछ र त्यस्तो खाम मतदान अधिकृतले आफ्नो जिम्मामा राख्नुपर्नेछ ।

